(नियम ६० को उपनियम (१) को खण्ड (क) सँग सम्वन्धित)

जिल्ला विकास समितिको कार्यालय, जाजरकोट

| सि.नं. | बेरुजु दफा | बेरुजुको विवरण | रकम रु. | संपरीक्षणको विवरण | | | चढाउने | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | विवरण | रकम | | |
| | | **परिचय** : बिकेन्द्रीकरणको सिद्धान्तलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय स्वायत्त शासन प्रणालीको मर्म अनुरुप स्थानीइ शाशन ऐन ,२०५५ र सोको नियमावली २०५६को भावना अनुसार जिललाको समग्र बिकास प्रक्रियालाई योजनाबद्ध रुपमा व्यबस्थित गर्न जिल्ला बिकास समितिको गठन भएको हो ।<br>उपर्युक्त कारोवारको श्रेस्ता महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण मानदण्ड र समष्टिगत लेखापरीक्षण योजना अनुसार नमुना छनौटको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वील भरपाई तथा श्रेस्ताको जोड जम्मा तर्फ आन्तरिक लेखापरीक्षणलाई आधार लिइएको छ । लेखापरीक्षणबाट देखिएको व्यहोरा उपर कार्यालय प्रमुख एवं लेखा प्रमुखको उपस्थितीमा मिति २०७१।०६।४ मा छलफल गरी कायम भएको व्यहोरा निम्नानुसार छन :- | | | | | | |
| | | लेखा परीक्षणको सिलसिलमा परिश्रमिक कर र बढि भूक्तानी भएको रकम रु.५६४०।– असुलभै राजश्व खातामा दाखिला भएको छ । | | | | | | |
| १ | | **खरिद इकाई र वार्षिक खरिद योजना:**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ (३) मा कार्यालयले खरिद योजना बनाउने र खरिद व्यवस्थापन सम्वन्धि काम गर्नको लागि एक खरिद ईकाईको गठन गर्नुपर्ने र सोको जिम्मेवारी तोक्नुपर्ने तथा ऐनको दफा ६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा कार्यालयले खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ढिलो गरी २०७०।१०।२२ गते खरिद ईकाई गठन गरेको देखियो । नियमानुसार खरिद योजना बनाएको देखिएन । | | | | | | |
| २ | | **जिन्सी व्यवस्थापन :**<br>स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१२ (१) बमोजिम स्थानिय मनिकायमा रहेको र खरिद गरी वा अन्य कुनै | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रकारवाट प्राप्त हुन आएको मालसामानको विवरण र मूल्य समेत खुलाई ७ दिनभित्र आम्दानी वाँधी लगत तैयार गरी जिन्सी अध्यावधिक गर्नुपर्ने यसैगरी नियम २१४ (३) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने सामान ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए ३ महिनाभित्र मर्मत गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी सामानको मूल्य खुलाएको र कम्प्युटर २ स्टिल दराज ३ वटा डिजिटल क्यामरा २ वटा ल्यापटप कम्प्युटर ४ वटा र प्रिन्टर ३ वटा लगायतका सामान मर्मत हुन नसक्ने भनी जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइयो । कार्यालयले नियमावलीमा व्यवस्था भए बमोजिम जिन्सी सामानहरुको मूल्य खुलाउने तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गरी जिन्सी अध्यावधिक गर्नु पर्ने देखिन्छ । | | | | | | |
| ३ | | **कार्यालय निरीक्षण :** शुसासन र व्यवस्था तथा संचालन नियमावली , २०६५ बमोजिम तालुक कार्यालयले मातहतका कार्यालयहरुको निरीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा चालु आ.व.२०७०।७१ मा तालुक कार्यालयवाट निरीक्षण गरेको अभिलेखवाट देखिएन । | | | | | | |
| ४ | | **जिविसको आन्तरिक लेखापरीक्षण :** स्थानीय स्वायत शासन ऐन २०५५ को दफा २३२(१) मा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले मासिक रुपमा आन्तरिक लेखापरिक्षण गरी सो को प्रतिवेदन चौमासिक रुपमा गर्नुपर्ने ब्यवस्था रहेको छ , तर आन्तरिक लेखापरिक्षण शाखाबाट मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरेको पाइएन । चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पर्ने ऐन नियमको प्रावधान अनुरुप मासिक रुपमा लेखापरीक्षण गरी प्रतिवेदन दिने र प्रतिवेदनमा उल्लेखित ब्यहोराहरुलाई सुधार गर्ने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ । | | | | | | |
| | | कार्यालयले पेश्की कारोवार गरेपछि पेश्की खातामा सम्वन्धित ब्यक्ति तथा संस्थाहरुले लिएको पेश्की रकम, पेश्की फछ्र्यौट रकम सम्वन्धित पेश्की लेजरमा लेखाँकन गरेको पाइएन , आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको पेश्की रकम मात्र पेश्की खातामा लेखाँकन गरेको हुँदा नियमानुसार पेश्की रेकर्ड राख्नु पर्ने देखिन्छ । | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | | **अनुदान सम्वन्धमा** : यस जिल्लामा रहेका ३० गाविसहरुलाई चालु आ.व. २०७०/०७१ मा गाविस अनुदान वापत रु.११,७३,८०,०००।- दिएको छ । यस सन्वन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छन । | | | | | | |
| | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८ को (ज) मा जिविसले गाउँ विकास समितिहरुको बेरुजुको लगत राखी नियमावली बमोजिम बेरुजु सम्परीक्षण गरि दिने ब्यवस्था रहेकोमा कार्यालयमा गाउँ विकास समितिको वेरुजुको लगत अध्यावधिक रहेको र बेरुजु सम्परीक्षण गर्ने गरेको पाइएन । तसर्थ कार्यालयले बेरुजु लगत राखी सम्परीक्षण गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | | | | | | |
| | | स्थानीय निकाय श्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि २०६९ को नियम ४७ मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाउँ विकास समितिमा नेपाल सरकारबाट निकासा भएको सवै निःशर्त, सशर्त पूँजीगत तथा चालु अनुदान रकम बाट भुक्तानि दिनु पर्ने रकम आथिर्क वर्ष समाप्त हुनु भन्दा ७ दिन अगाडी भक्तानी दिई आर्थिक कारोवार बन्द गर्नु पर्दछ र बचत हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी सो को जानकारी जिल्ला विकास समितिलाई दिनु पर्ने ब्यवस्था रहेको छ । गाउँ विकास समितिहरुलाई चालु आर्थिक वर्ष अनुदान वापत निकासा रु.११,७३,८०,०००।- दिएकोमा के कति खर्च भई वर्षान्तमा बाँकी रहेको छ सो समवन्धि विवरण लेखा परीक्षणमा पेश भएन र नियममा ब्यवस्था भए बमोजिम को.ले.नि.का फिर्ता भएको देखिएन । जिल्ला विकास समितिले गाउँ विकास समितिमा दिएको अनुदान रकमबाट कार्यक्रम सञ्चालन भए नभएको सम्वन्धमा अनुगमन गरेको पाइएन । तसर्थ गाविसमा वर्षान्तमा बाँकी मौज्दात रकम फिर्ता गराउने तथा कार्यक्रम सञ्चालन भए नभएको सम्वन्धमा अनुगमन गरि ऐन नियमको ब्यवस्थाको पूर्ण पालना गराउनु पर्ने देखिन्छ । | | | | | | |
| ६ | | **तलब भत्ता सम्वन्धमा :** निजामति सेवा ऐन २०४९ को दफा ७(ख)२ मा कार्यालयले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरेपछी मात्र तलब भत्ता खर्च लेख्नु पर्नेमा गा.बि.स. सचिव द्वय मान बहादुर थापा र सत्यदेव खनालको तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको हुँदा ऐनमा भएको ब्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ । | | | | | | |
| | | आयकर ऐन २०५८ को दफा ८७ को अनुसूची १ बमोजिम भुक्तानिमा सामाजिक सेवा कर वापत १% का दरले करकट्टी गर्नु पर्नेमा निम्नानुसारको चाडपर्व खर्चमा कट्टी नगरेको हुँदा उक्त रकम असुल गरि | ११,५०३। | | | | | |

<table>
<tr><td></td><td></td><td>दाखिला हुनु पर्ने रु.......................................................<br><br><table>
<tr><th>व.उ.शी.नं.</th><th>गो.भौ.नं./मिति</th><th>भुक्तानि रकम</th><th>१% कर</th><th></th></tr>
<tr><td>३६५८०१३</td><td>१७/२०७०/६/३</td><td>४४९,९९०।-</td><td>४,४९९।-</td><td></td></tr>
<tr><td>३६५८०१३</td><td>१६/२०७०/६/३</td><td>४,४४,६००।-</td><td>४,४४६।-</td><td></td></tr>
<tr><td>आन्तरिक श्रोत(चालु)</td><td>४/२०७०/६/३</td><td>३१,७२५।-</td><td>३१७।-</td><td></td></tr>
<tr><td>३६५८१९३</td><td>२/२०७०/६/२१</td><td>१,९६,०००।-</td><td>१९६०।-</td><td></td></tr>
<tr><td>३६५८०४३</td><td>४/२०७०/६/६</td><td>२८,१००।-</td><td>२८१।-</td><td></td></tr>
<tr><td></td><td></td><td>११,५०,४१५।</td><td>११,५०३।</td><td></td></tr>
</table></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td></td><td>आयकर ऐन २०५८ को अनुसूची १ बमोजिम भुक्तानीमा १% सामाजिक सेवा कर नियमानुसार आम्दानीबाट कर्मचारी संचयकोष , नालकोष र विमा कट्टीलाई घटाई बाँकीमा कर लगाउनु पर्नेमा आन्तरिक श्रोत(चालु) बाट विकास तर्फका कर्मचारीलाई तलब भुक्तानि दिँदा क.सं.कोष, ना.ल.कोष, विमा, सापटी किस्ता र ब्याज समेत घटाई बाँकी आम्दानीमा मात्र १% कर कट्टा गरेको पाईयो । तसर्थ ऐनमा भएको प्रावधान बमोजिम आम्दानीबाट घटाउन पाउने रकम मात्र घटाई १% कर कर्मचारीहरुबाट कट्टी गर्नु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td></td><td>निम्नानुसारका गाविसका सचिवहरुलाई २०७१ साल आषाढ महिनाको तलब भत्ता भुक्तानी खर्च लेखेकोमा रकम बुझिलिएको भपाई सँलग्न नभएको हुँदा उक्त रकम सम्वन्धित कर्मचारीहरुलाई बुझाउनु पर्ने अन्यथा राजस्व दाखिला हुनु पर्ने रु. ..............<br><br><table>
<tr><th>कर्मचारीको नाम</th><th>रकम</th><th></th></tr>
<tr><td>दिपक बहादुर जिसी</td><td>१८,९८५।२३</td><td></td></tr>
<tr><td>ठकेन्द्र बहादुर गिरी</td><td>२०,१६१।३५</td><td></td></tr>
<tr><td>गोकर्णराज शर्मा</td><td>१८९८५।२३</td><td></td></tr>
<tr><td>जम्मा</td><td>५८१३१।८१</td><td></td></tr>
</table></td><td>५८,१३१।८१</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>९</td><td></td><td>केन्द्रिय बजेट तर्फ :<br><br>विभिन्न कार्यक्रमहरुबाट निम्नानुसारका व्यक्ति/सँस्था/उपभोक्ता समितिलाई दिएको पेश्की रु५,३७,०००।- आर्थिक वर्षको अन्त्यसम्म</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>फछ्यौट नभएकालेले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(३) बमोजिम असुल फछ्यौट हुनु पर्ने रु................................<br>
<table>
<tr><th>ब.उ.शी.नं.</th><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम/पद</th><th>रकम</th></tr>
<tr><td>३४९८०२४</td><td>२०७०/११/२५</td><td>मालुवातारा सिँचाई योजना</td><td>१,२०,०००।-</td></tr>
<tr><td>३६५८०४३</td><td>२०७१/०२/०१</td><td>सव.ई.मोहन खड्का</td><td>२५,०००।-</td></tr>
<tr><td>३६५८०४३</td><td>२०७०/११/२२</td><td>सागवारी खा.पा. लहँ गाविस</td><td>६०,०००।-</td></tr>
<tr><td>३६५८०४३</td><td>२०७१/०२/१३</td><td>गैरीखाली सार्वजनिक शौचालय</td><td>५०,०००।-</td></tr>
<tr><td>३६५८०९३</td><td>२०७०/११/२९</td><td>भित्रीखोला झोपु टालेगाउँ</td><td>७२,०००।-</td></tr>
<tr><td>३६५८०९३</td><td>२०७१/०१/२९</td><td>स्याउली झो.पु.</td><td>१,००,०००।-</td></tr>
<tr><td>३६५८०९३</td><td>२०७१/०२/२९</td><td>चोत्रेनी झोपु रोकायगाउँ</td><td>६०,०००।-</td></tr>
<tr><td>३५९८१९३</td><td>२०७०/११/२५</td><td>नागरिक सचेतना केन्द्र डाँडागाउँ</td><td>१०,०००।-</td></tr>
<tr><td>३५९८१९३</td><td>२०७०/११/२५</td><td>नागरिक सचेतना साल्मा</td><td>१०,०००।-</td></tr>
<tr><td>३५९८१९३</td><td>२०७०/११/२५</td><td>नागरिक सचेतना केन्द्र पैंक</td><td>१०,०००।-</td></tr>
<tr><td>३५९८१९३</td><td>२०७०/१२/२०</td><td>नागरिक सचेतना केन्द्र टालेगाउँ</td><td>१०,०००।-</td></tr>
<tr><td>३५९८१९३</td><td>२०७०/११/२२</td><td>नागरिक सचेतना केन्द्र गर्खाकोट</td><td>१०,०००।-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५३७०००।-</td></tr>
</table>
</td>
<td>५,३७,०००।</td>
<td></td><td></td><td></td><td></td><td></td>
</tr>
<tr>
<td>१०</td>
<td></td>
<td>झोलुँगे पुल ३६५८०९३ : शुभलक्ष्मी टेडर्स नेपालगँजबाट र एकता टेडर्स नेपालगँजबाट २००/२०० बोरा सिमेन्ट ढुवानी सहित रु५३२९०८।–खर्च गरेको देखियो । उक्त सिमेन्ट कुन कुन पुलको काममा प्रयोग भएको हो सो को प्रमाण एवं नापी कितावमा उल्लेख नभएकोले खरिद भएको सिमेन्ट खर्च भयो भएन एकिन गर्न सकिएन ।</td>
<td></td>
<td></td><td></td><td></td><td></td><td></td>
</tr>
<tr>
<td>११</td>
<td></td>
<td>आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानिमा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्नेमा निम्न भौचर नम्वर तथा मितिबाट ग्रामिण विकास सेवा केन्द्र दैलेखले झोलुङ्गे पुलहरुको ड्इङ्ग डिजाइन र सुपरिभिजन गरे वापत भनि सेवा शुल्क लिएको देखियो । कर नलाग्ने कर कार्यालयको प्रमाण पत्र पेश गरेको भएतापनि कर लाग्ने व्यवसाय गरेको हुँदा उक्त फर्मले छुट नपाउने हुँदा अग्रिमकर अशुल हुनु पर्ने रु ..........<br>
<table>
<tr><th>भौचर नं. र मिति</th><th>भुक्तानी रकम</th><th>कर रकम</th></tr>
<tr><td>१८-२०७१/१/२५</td><td>४,५१,४११/-</td><td>६७७१२/-</td></tr>
<tr><td>४९-२०७१/३/२५</td><td>१,६०,४००/-</td><td>२४०६०/-</td></tr>
</table>
</td>
<td>९१,७७२।</td>
<td></td><td></td><td></td><td></td><td></td>
</tr>
</table>

<table>
<tr><td>१२</td><td></td><td>सार्वजनकि खरिद नियमावली २०६४ को नियम ११८(क) अनुसार निर्माण कार्यको ड्रोइङ्ग डिजाइन तथा स्पेसिफिकेशन बदल्नु नपर्ने तर कामको परिमाण थपघट हुने अवस्थामा सम्झौता मूल्यको ५ प्रतिशत सम्मको भेरियसन प्राविधिक पुष्ट्याई गरी सार्वजनिक निकायको रा.प.द्वितिय श्रेणीको प्रमुखले थपघट गराउन सक्ने ब्यवस्था रहेको छ । निम्न कार्यमा कार्यालयले काम घटाई कार्य सम्पन्न देखाएकोमा नियमानुसार देखिएन ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कामको नाम</th><th>लई तथा कबोल अँक</th><th>भुक्तानि रकम</th><th>घटेको प्रतिशत</th><th>ठेकेदारको नाम</th><th></th></tr>
<tr><td>४६-३/२५</td><td>कुदु झोपु पहुचमार्ग</td><td>३१६०४१/२३</td><td>१८११७७/-</td><td>४२.६७%</td><td>अनुग्रह निर्माण सेवा</td><td></td></tr>
<tr><td>५१-३/२५</td><td>मानाघाट झोपु पहुचमार्ग</td><td>३४२०५१/-</td><td>१५६९४३/२०</td><td>५४.११%</td><td>साइवावा एण्ड तारा कन्ट्रक्सन</td><td></td></tr>
<tr><td>५३-३/२५</td><td>बँग्रेखोला झोपु पहुचमार्ग</td><td>४०३१३२/३६</td><td>२९०८५५/-</td><td>२७.८५ %</td><td>विजयश्वरी निर्माण सेवा</td><td></td></tr>
<tr><td>६५-३/२५</td><td>थापाचौर ऐरेली झोपु पहुचमाग</td><td>३५१३३२/-</td><td>१५०३१२/-</td><td>५७.२१%</td><td>गणेश शाह निर्माण सेवा</td><td></td></tr>
</table></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१३</td><td></td><td>नायकवाडा गाविस वडा नं. २ मादीचौर झोपु निर्माण वापत उपभोक्ता समितिका अध्यक्ष गोविन्द बहादुर बस्नेतलाई रु. ६,५२,२५६।- भुक्तानि दिइएकोमा प्राविधिकले पेश गरेको अन्तिम कार्य सम्पन्न प्रतिवेदन अनुसार १३,७७,०२४।- अनुदान मध्ये गत विगतमा भुक्तानि भएको रु. ७,२४,७६८।- कट्टी गरी बाँकी रकम रु. ६,५२,२५६।- मा गो.भौ.नं. ५ बाट लिएको पेश्की रु.१,५०,०००।- पे.फ. गरी बाँकी रकम रु. ५,०२,२५६।- मात्र भुक्तानि दिनु पर्नेमा पेश्की फछ्यौट नगरी भुक्तानि दिएकाले बढी भुक्तानि गरिएको रु.१,५०,०००।- असुल उपर गरी बेरुजु खातामा दाखिला गर्नु पर्नै रु .......................</td><td>१,५०,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>ग्रामीण पहुँच सुधार कार्यक्रम ३६५८१४३</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१४</td><td></td><td>विभिन्न ७ वटा झोपुहरुको दरभाउ पत्रबाट स्टील सामानहरु सप्लाईका लागि २०७० ‚/२/२४ को निर्णय अनुसार रिजवान इन्जिनियरिङ्ग उद्योगको दरभाउ स्वीकृत भै २०७०/४/४ र २०७०/६/२४ मा सामान सप्लाई गरि सक्ने गरी २०७०/३/०५ मा र २०७०/३/२५ मा सम्झौता भएको थियो । ठेकेदारले मिति २०७०/३/२३ को निवेदन अनुसार विल नम्बर समेत उल्लेख गरी सामान सप्लाई गरि सकेको भनि भुक्तानी माग गरेको देखियो । उक्त निवेदनमा सम्वन्धित प्राविधिकले भुक्तानि सिफारिस गरेको देखिन्छ तर ठेकेदारको अर्को मिति २०७०/३/२१ को निवेदन अनुसार समान सप्लाई गर्न नसकेको भनि एक सम्झौताको म्याद थप माग गरेको आधारमा कार्यालयले २०७०</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | असोज मसान्त सम्म म्याद थप गरेको पाइयो ।<br>यसैगरी म्याद थप भएको समयमा समेत कार्य सम्पन्न हुन नसकेको र आफ्नो घरायसी कारण उल्लेख गरी ठेक्काको म्याद २०७०/११/३० सम्म भाग गरेकोमा कारण मनासिव भएको भनि २०७०/९/११ मा पुन म्याद थप गरेको छ । यस सम्वन्धमा देखिएका ब्यहोरा निम्नानुसार छन ।<br>क) यसरी पटक पटक कामको म्याद थप गरी २०७०/९/१६ मा ६ वटा झो.पु.को रु.३८४१०००।- भुक्तानि भएको र मालुवातरा झोपुको सामान रु.९८३६६६।३६को सामन सप्लाई भएको देखिएन ।<br>ख) झोलुङ्गे पुलको स्टील ट्रृष्टहरु सल्लीबजार सम्म ठेकेदारले सप्लाई गर्ने गरी सम्झौता भएको भएतापनि सामान सुर्खेतमा सप्लाई भएको जानकारी प्राप्त भयो । निर्धारित स्थानमा सामान सप्लाई नहुँदा ढुवानी भाडा कट्टी गरी भुक्तानी गर्नु पर्नेमा पुरै रकम भुक्तानी भएको उचित देखिएन ।<br>ग) कार्यालयको Inspection Certificate अनुसार सप्लायर्सले समान २०७१/३/३ मा सप्लाई गरी २०७१/३/८ मा Inspection Certificate जारी भएको देखिएकोले उक्त सामान ९३ दिन ढिलो गरी प्राप्त भएको र अग्रिम भुक्तानी भएको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्धारित क्षतिपूर्ति ठेकका अँक १८७९३९७- को ०.०५ % अर्थात प्रतिदिन रु.९४०।– का दरले ९३ दिनको हर्जाना अशुल हुनु पर्ने रु. ............................................. | ८७,४२०। | | | | | |
| | | **३६५१०४३ स्थानीय निकाय वित्तिय आयोग** | | | | | | |
| १५ | | गाउँ विकास समितिको न्युनतम शर्त तथा कार्य सम्पादन मापन मूल्याँकन कर्ताहरुको छनौट सम्वन्धी २०७०/५/२ को सूचना अनुसार मूल्याँकन कर्ता छनौटको लागि मिति २०७०/५/२८ सम्म १४ थान फाराम विक्री भएको र अन्तिम मितिमा ११ वटा प्रस्ताव दर्ता भएको दर्ता अभिलेखबाट देखियो । कार्यालयबाट गठित मूल्याँकन समितिबाट मूल्याँकन भई १० जना मूल्याँकन कर्ता छनौट भएकोमा निम्न ब्यहोरा देखियो ।<br>क) कलष्टर नं. ४ र कलष्टर नं. ९ को ३/३ गाविसको लागि छनौट परेका श्री राजेन्द्र विक्रम शाह कार्यालयले तोकेको समयमा प्रस्ताव पेश नगरेका ब्यक्ति छनौट भएको देखियो । कार्यालयले सूचना प्रकासन गरी प्रस्ताव आह्वान गरेकोमा शुरुमा प्रस्ताव पेश नगरेको ब्यक्तिलाई छनौट गरेको सम्वन्धमा छानविन हुनु पर्ने देखिन्छ । | | | | | | |
| १६ | | कार्यसम्पादन न्यूनतम शर्त तथा कार्य सम्पादन मापन बैठक भत्ता २०,०००।- सहजकर्ताको पारिश्रमिक १४५००।- मा कट्टा गरेको अग्रिम आयकर दाखिला गरेको नदेखिएको दाखिला गर्नु पर्ने रु...................... | ५,१७५। | | | | | |

<table>
<tr><td>१७</td><td></td><td>खानेपानी तथा सरसफाई कार्यक्रम ३६५८०४३<br>आर्थिक कार्य विधि नियमावली २०६४ को नियम ३६(५) अनुसार सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदी संचालन गर्नुपर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकारी प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र यस्तो स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम सेमिनार गोष्ठी आदि सम्पन भएपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भएको नभएको र त्यसमा खर्च गरिएमा मालसामानहरुको विवरण तथा विल भपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने र त्यस्तो प्रतिवेदन अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ ।<br>कार्यक्रम अधिकृत श्री गँगबहादुर रोकाय मार्फत निम्नासार पेश्की लिई फछ्यौट गरेकोमा उपरोक्त बमोजिम भएको देखिएन ।
<table>
<tr><td>भौ.नं.</td><td>मिति</td><td>विवरण</td><td>खर्च रकम</td></tr>
<tr><td>१</td><td>०७०/५/२७</td><td>जिल्ला स्तरीय सरसफाई सम्मेलन</td><td>४९५०९२/-</td></tr>
<tr><td>१७</td><td>०७०/१०/२३</td><td>दशेरा गाविसको थलह बजारमा आयोजित क्षेत्रीय सरसफाई सम्मेलन</td><td>२५००००/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७४५०९२/-</td></tr>
</table>
</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>३६५८०८३ स्थानीय क्षेत्रगत यातायात</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१८</td><td></td><td>स्थानीय क्षेत्रगत यातायात कार्यक्रम अर्न्तगत गतविगतमा के कति सडकको विस्तृत सर्भेक्षण भएको थियो र ति मध्ये कति सडक कुन स्थानसम्म निर्माण कार्य सम्पन्न भयो सोको अभिलेख कार्यालयले राखेको देखिएन । यसबाट सडकको दोहोरो ड्रोइङ्ग डिजाइन र सर्भे हुन सक्ने र निर्माण भै सकेको स्थानको समेत लागत इस्टमेट भै भुक्तानि हुन सक्ने हुँदा सडकको अध्यावधिक अभिलेख राख्ने व्यवस्था हुनु पर्दछ ।<br>चिउदुवा– शाल्प मावि सम्म १२.३७९ किमी र थापाचौर-कास्तारा वेलगाड भदाले १०.११० किमी सडकको डिटेल सर्भे तथा ड्राइङ्ग डिजाइन र इष्टीमेट गरेको भनि ई.प्रभाकर प्रसाद सिँह र असई मोहन बहादुर खड्काले रु.५ लाख पेश्की लिई प्रति किलोमिटर रु.५२९९२।३२ का दरले रु.११,९१,७४४।- को बिल भपाई पेश गरी पेश्की फछ्यौट गरी रु.५९८३७९।-भुक्तानि लिएको देखियो । कार्यालयबाट स्वीकृत लागत अनुमान अनुसार फिल्ड वर्क वापत प्रति किलोमिटर ........ र अफिस वर्क वापत रु. ....... समेत प्रति किलो मिटर ५२९९२।३२ को लागत अनुमान तयार गरी सोही अनुसार खर्च लेखेको छ । सडकको सर्वे डिजाइन तथा सुपरभिजनका लागि नियुक्त कर्मचारीहरुले वाह्रय</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | परमर्शदाताले भै फिल्डवर्क र आफिस वर्क भनि रकम लिन मिल्ने देखिएन । | | | | | |
| १९ | | सार्वजनिक खरिद नियमावली २०६४ को नियाम ११८ बमोजिम खरिद सम्भौता बमोजिम कार्य शुरु भई सकेपछि प्राविधिक कारणबाट त्यस्तो कामको परिमाण थप, घट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा सार्वजनिक खरिद ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायहरुमा नेपाल सरकार मन्त्रिपरिषदबाट निर्णय भए बमोजिम र अन्य सार्वजनिक निकायको हकमा सो निकायको कार्यकारी प्रमुखबाट निर्णय भए बमोजिम भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ । निम्न निर्माण कार्यमा रकमको तुलनामा निम्नानुसार घटी परीमाण काम गरी ठेक्का फाइनल गराइएको छ । कम काम सम्पन्न भएको अबस्थामा सम्पन्न देखाईएको कारण उल्लेख गरेको देखिएन । | | | | | |

| भौचर नं. र मिति | कामको नाम | कबोल अँक तथा लई अँक | भुक्तानि रकम | |
|---|---|---|---|---|
| २९-३/२५ | खलँगा इवर काफलचौर सडक | २५०००१५/६० | ११४४६५६/१० | |
| ३४-३/२५ | खलँगा रिम्ना सडक (नमस्ते रवि निर्माण सेवा) | ३१७९८९/०३ | १७७०१३/५१ | |
| ३५-३/२५ | शान्ति चौतारा भेलहाले (गौरव निर्माण सेवा) | ४३५४६१/०७ | १३२२१५/४० | |
| ३६-३/२५ | भेला देखि रेडक्रस खलँगा (भेरी कन्ट्रक्सन सेवा) | ४५४०६१/- | २०३८२३/८३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.१३ को अख्तियारी पत्र साथ सँलग्न स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम संचालन सम्वन्धमा मन्त्रालयको थप निर्देशन(शर्तहरु) २०७०/७१ को नं. ३ अनुसार आर्थिक क्रियाकलाप अभिवृद्धि हुने तथा कृषि उत्पादन र बजारबिच सम्वन्ध बढ्ने योजनालाई प्राथमिकता दिनु पर्नेमा कतिपय योजनाहरु सो विपरीत यातायात सँचालनको लागि मात्र निर्माण गर्ने गरेको देखिएकोले कृषि उत्पादन र बजारबिच सम्वन्ध जोड्ने योजनाहरुलाई आगामी आर्थिक वर्षमा प्राथमिकता दिई कार्यान्वयन गर्नुपर्दछ । | | | | | |
| | | **जनजाति विकास तथा उत्थान ३६५१०५३** | | | | | |
| २१ | | आदिवासी जनजाती महासंघको भवन निर्माणका लागि रु.२४०००००।- को लागत अनुमान भै जिविसको अनुदान १९२००००।- र श्रमदान ४८००००।- हुने गरी २०७१/२/१९ मा सम्भौता भएको पाइयो । २०७१/३/२० मा पुरै निर्माण कार्य सम्पन्न गर्ने गरी सम्भौता भएको भएतापनि भवन निर्माणको कुल १८३५४६४।८२ को निर्माण कार्य भएको भनि जिविसबाट रु.१४६८३७१।- भुक्तानी भएको छ । | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१.१ | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(३) अनुसार लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी निर्माण कार्य सम्पन्न गर्न लाग्ने समायावधि किटान गर्नुपर्ने ब्यवस्था रहेकोमा कार्यालयले काममा लाग्ने समयावधि किटान गरेको छैन । भवन निर्माणको लागि छत ढलान पूर्ण रुपमा खोल्ने मिल्ने २१ दिनमा हुनेमा २४ लाख लागत अनुमान भएको भवन निर्माणको समायावधि १ महिना तोकेर सम्झौता भएको उचित देखिएन । | | | | | | |
| २१.२ | | आर्थिक वर्ष २०७०/७१ आषाढ मसान्त सम्ममा भवन निर्माण उपभोक्ता समितिलाई दिइएको पेश्की रु. ४,५१,६२९।- फछ्यौट नभएकाले स्थानीय आ.प्र.नि. २०६४ को नियम १८२ को उपनियम २ र ३ अनुसार असूल फछ्यौट हुनु पर्ने रु................................................................ | ४,५१,६२९। | | | | | |
| २१.३ | | भवन निर्माणको लागि उपभोक्ता समितिबाट विभिन्न सामान खरिद वापतको रु.१०,०६,१५२।- भुक्तानि भएको पाइयो । आयकर ऐन २०५८ को दफा ८९ अनुसार १.५ प्रतिशत अग्रिमकर कट्टा गर्नु पर्नेमा कट्टा गरेको नपाइएकोले असुल हुनु पर्ने रु........................................... | १५,०९२। | | | | | |
| | | **व.उ.शी.नं. ३६५१०६३ (उपेक्षित, उत्पिडित र दलित वर्ग उत्थान कार्यक्रम)** | | | | | | |
| २२ | | राष्ट्रिय दलित नेटवर्क नेपाल जिल्ला कार्य समिति जाजरकोटका अध्यक्ष हिक्मत बहादुर नेपालीले जातीय भेदभाव तथा छुवाछुत जनचेतना मुलक कार्यक्रम संचालन गरे बापत रु.४०,०००।-भुक्तानि लिएकोमा उपस्थिति विवरण सँलग्न नभएको र विल भपाई जाँच गर्दा १५ प्रतिशत पारिश्रमिक कर कट्टी रु.१८००।- राजश्व खातामा दाखिला गरेको भौचर सँलग्न हुनु पर्नेमा रु.६००।- मात्र दाखिला भएकाले रु.१२००।- असुलगरी दाखिला हुनु पर्ने रु........................................................................................ | १,२००। | | | | | |
| २३ | | **व.उ.शी.नं. ३४३१०१३ (राष्ट्रिय यूवा परिचालन कार्यक्रम)**<br>स्थानीय युवा साझेदारी कार्यक्रम संचालन निर्देशिका २०६९ को दफा १४ को उपदफा १ अनुसार कार्यक्रम सम्पन्न भई सकेपछि साझेदार सँस्थाले अनुसूची ३ बमोजिम तोकिएको ढाँचामा अन्तिम प्रगति प्रतिवेदन पेश गर्नुपर्नेमा आ आफ्नै तरिकाले पेश गरेको पाइएकाले निर्देशिका २०६९ मा तोकिए बमोजिम नै प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ । | | | | | | |
| २४ | | स्थानीय युवा साझेदारी कार्यक्रम संचालन निर्देशिका २०६९ को दफा १५ क देखि ज सम्म ब्यवस्था भए अनुसार कार्यक्रमको निरीक्षण तथा अनुगमन गरी सम्वन्धित निकाय, मन्त्रालयमा प्रतिवेदन पठाउनु पर्ने देखिन्छ । | | | | | | |
| २५ | | **व.उ.शी.नं. ३३११२७३ (नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम)** | | | | | | |

<table>
<tr><td></td><td></td><td>स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ९ को उपदफा १ अनुसार जिल्ला विकास समितिले आफ्नो श्रोतबाट संचालित वा अन्य निकायको श्रोतबाट संचालन गरिने कार्यक्रमहरुलाई कार्य कुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार सँचालनमा सहयोग पुर्‍याउन अनुसूची ९ मा उल्लेख भए बमोजिम यस जिविसले पुंजीगत लगानीको समष्टीगत खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ भने सोही दफाको उपदफा २ अनुसार यस प्रकारले छुट्याएको रकमको शीर्षकको अधिनमा रही क देखि झ सम्म उल्लेखित क्रियाकलापमा मात्र खर्च गर्नुपर्नेमा सो विपरीत विधि खर्च, गाडीको इन्धन खर्च, चियापान खर्च, संचार खर्च, दैनिक भ्रमण खर्च आदिमा बढी खर्च लेखेको देखिएकोले व्यवस्थापन कार्यविधि २०६९ ले निर्दिष्ट गरेका क्षेत्रमा मात्र आयोजना व्यवस्थान खर्च (कन्टेन्जेन्सी) रकम खर्च गर्नुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२६</td><td></td><td>व.उ.शी.नं. ३४९८०१३ (स्थानीय शान्ति समिति)<br>स्थानीय स्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयन सम्वन्धि मार्ग दर्शन २०७० को छ (ख) मा सम्वन्धित गाविस स्तरिय शान्ति समितिले वार्षिक कार्यक्रम प्रस्ताव गरी समितिको बैठकबाट निर्णय गरी सोको प्रतिलिपी स्वीकृतका लागि स्था.वि.अधिकारी समक्ष पेश गर्नुपर्ने व्यवस्थामा रहेकोमा केही गाविसले पेश गरेको नपाईएकोले पेश गर्न बाँकी गाविसलाई अनिवार्य पेश गर्न लगाउनु पर्ने देखिन्छ । साथै मार्गदर्शनको ७ मा कार्यसम्पन्न भई सकेपछि स्थानीय स्तरका शान्ती समितिले निर्धारित ढाचामा कार्य सम्पन्न गरेको प्रतिबेदन जिल्ला स्तरिय शान्ति समिति र जिविसको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था भएपनि गाविसहरुले सो प्रतिवेदन पेश भएको देखिएन ।</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२७</td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियाम २०६४को नियाम १८२ मा पेश्की दिने र फछ्र्योट गर्ने सम्वन्धि व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारका गाउँ स्तरिय शान्ति समितिलाई दिएको पेश्की वर्षान्तसम्म फछ्यौट भएको नदेखिएकोले नियमानुसार असुल फछ्यौट गनुपर्ने रु.................................................<br><br><table><tr><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th></tr><tr><td>२०७१/३/१७</td><td>खलँगा</td><td>२२०००/-</td></tr><tr><td>२०७१/३/१९</td><td>जगतिपुर</td><td>२२०००/-</td></tr><tr><td>२०७१/३/१९</td><td>भुर</td><td>२२०००/-</td></tr><tr><td>२०७१/३/१९</td><td>पुन्मा</td><td>२२०००/-</td></tr></table></td><td>३,९६,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| २०७१/३/१७ | थालारैकर | २२०००/- |
| २०७१/३/१७ | साल्मा | २२०००/- |
| २०७१/३/१७ | दशेरा | २२०००/- |
| २०७१/३/१७ | सुवानाउली | २२०००/- |
| २०७१/३/१७ | भ्काप्रा | २२०००/- |
| २०७१/३/१७ | मजकोट | २२०००/- |
| २०७१/३/१९ | कोर्ताङ | २२०००/- |
| २०७१/३/१७ | अछार्नी | २२०००/- |
| २०७१/३/१९ | पैंक | २२०००/- |
| २०७१/३/१९ | ढिमे | २२०००/- |
| २०७१/३/१९ | लहं | २२०००/- |
| २०७१/३/१७ | रग्दा | २२०००/- |
| २०७१/३/१७ | भगवति | २२०००/- |
| २०७१/३/१७ | सक्ला | २२०००/- |
| **जम्मा** | | **३९६०००/-** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **ब.उ.शी.नं. ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रम)** | | | | | | |
| २८ | | यस कार्यालयले चालु आर्थिक वर्ष ३० वटा गा.वि.स.हरुमार्फत ,जेष्ठ नागरिक, विधवा ,अपाङ्ग र दलित बालवालिकाहरुलाई भत्ता वितरण गर्ने रु.७,५५,०९,२००।- खर्च लेखेको पाईयो । लेखा परीक्षण इकाईगत योजना बमोजिम छनौट विधि अवलम्बन गरी लेखा परीक्षण गर्दा देखिएका मुख्य व्यहोराहरु निम्नानुसार छन् । | | | | | | |
| २९ | | जिल्ला विकास समितिबाट सामाजिक सुरक्षाको भत्ता वितरण गर्नको लागि गाउँ विकास समितिहरुले पेश्की स्वस्प रकम निकासा प्राप्त गरी सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्य विधि २०६९ मा भएको प्रावधान अनुसार सम्वन्धित नागरिकहरुलाई बितरण गर्ने रसम्बन्धित नागरिकलाई वितरण पश्चात सो को भपाई र उक्त कार्यविधिको अनुसूची ९ बमोजिमको प्रगति विवरण जिल्ला विकास समितिमा पेश गर्नु पर्ने व्यवस्था भए बमोजिम सोही प्रगति बिबरणको आधारमा पेश्की उपलब्ध गराउनु पर्नेमा सो भए गरेको पार्यएन ।यसरी अनुसूचि ९ बमोजिमको प्रगति बिबरण नलिई पेश्की उपलब्ध गराउदा बढि हुन जाने अबस्था रहनसक्छ । कार्यालयले गाविसहरुबाट अघिल्लो किस्ता भत्ता वितरणको चौमासिक प्रगति विवरण लिएर मात्र सामाजिक सुरक्षा भत्ता पेश्की निकासा दिनु पर्ने देखिन्छ । | | | | | | |

<table>
<tr><td>३०</td><td></td><td>खलंगा गाविसलाई आ.व. २०७०/७१ को प्रथम किस्ता २०७० श्रावण–कार्तिकको सामाजिक सुरक्षा भत्ता बितरण गर्न गो.भौ नं २/२०७०।६।७ बाट रु.१५,३८,४००।- पेश्की दिएकोमा गो.भौ.नं. २८/२०७०/१०/२७ बाट रु.१४,४५,२००।- को मात्र भर्पाइ पेश भई फछ्र्यौट भएकोले रु.९३,२००।- वर्षान्तमा पेश्की बाँकी देखिन्छ । उक्त गाविसको दोश्रो र तेश्रो किस्ता भत्ता वितरण गरी फछ्र्यौत समेत भईसकेको अवस्थामा वषान्तसम्म बाँकी पेश्की रकम गाविसले उचित र उपयुक्त कारण सहीतको ब्यहोरा र भरपाई पेश हुनु पर्ने अन्यथा सम्वन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्ने रु...................................................</td><td>९३,२००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३१</td><td></td><td>पजारु गाविसको नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि प्रथम, दोश्रो र तेस्रो किस्ता वापत क्रमश रु.१०,२९,२००।- , रु.१०,२९,२००।- र रु.९,८१,२००।- गरी जम्मा रु.३०,३९,६००।- पेश्की दिएकोमा कार्यालयले प्रथम, दोश्रो र तेश्रो किस्ता गो.भौ.नं.३/२०७०/८/२३ बाट रु.१०,२९,२००।-, गो.भौ.नं. ३९/२०७१/२/२१ बाट रु.१०,०६,८००।- र गो.भौ.नं. ६४/०७१/३/२९ बाट रु.१०,०३,६००।- गरी जम्मा रु.३०,३९,६००।- पेश्की फछ्र्यौट गरेको भएपनि पजारु गाविसबाट प्रथम, दोश्रो र तेश्रो किस्ता भत्ता रु.१०,०६,८००।- का दरले जम्मा रु.३०,२०,४००।- को भपाई पेश भएको पाइयो । यसरी कार्यालयले पजारु गाविसको रु.१९,२००।- भपाई संलग्न भएको नदेखिएको असुल गरी राजश्व दाखिला हुनु पर्ने रु........</td><td>१९,२००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३२</td><td></td><td>यस कार्यक्रमबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि निम्नासारका विभिन्न गाविसहरुलाई रु.१२४५२००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौत नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियाम १८२(३) अनुसार असूल फछ्र्यौट गर्नुपर्ने रु..........................................................................<br><table><tr><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>रकम रु.</th></tr><tr><td>२०७०/०६/०७</td><td>साल्मा</td><td>४५०००/-</td></tr><tr><td>२०७०/०६/०७</td><td>कोताङ्ग</td><td>९,२२,४००/-</td></tr><tr><td>२०७०/०६/०७</td><td>अर्छानी</td><td>१३७२००/-</td></tr><tr><td>२०७०/०६/०७</td><td>रग्दा</td><td>१४०६००/-</td></tr><tr><td></td><td>जम्मा</td><td>१२४५२००/-</td></tr></table></td><td>१२,४५,२००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३३</td><td></td><td>आ.ब.२०७०।०७१ मा सामाजिक सुरक्षा भत्ता पेश्की बाँकी रहेकोमा लेखापरिक्षणको अवधिमा देहायअनुसारको पेश्की फछ्र्यौंट गरी कोष तथा लेखा नियन्त्रक कार्यालय जाजरकोटबाट सम्परीक्षण समेत गरी पेश भएको हुँदा रु.८८५१२०० पेश्की बेरुजुमा कायम गरीयको छैन</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>। यसको परीक्षण गर्दा देहायका ब्यहोराहरु देखीयको छ ।<br><table><tr><th>गो.भौंनं. र मिति</th><th>फछ्यौट रकम</th><th>गा.वि.स.को नाम</th></tr><tr><td>६।२०७१।५।६</td><td>६९६४००</td><td>रग्दा</td></tr><tr><td>७।२०७१।५।९</td><td>९४०८००</td><td>सुवानाउली</td></tr><tr><td>३।२०७१।४।९</td><td>१७०४०००</td><td>जगतिपुर</td></tr><tr><td>१०।२०७१।५।१८</td><td>१५४६४००</td><td>पैक</td></tr><tr><td>२।२०७१।४।९</td><td>१०४१२००</td><td>ढिमे</td></tr><tr><td>१२।२०७१।५।२४</td><td>१८०००</td><td>डाडाागाउ</td></tr><tr><td>४।२०७१।४।११</td><td>१०८००००</td><td>साल्मा</td></tr><tr><td>९।२०७१।५।१५ र १।२०७१।४।७</td><td>८१२४००</td><td>दहँ</td></tr><tr><td>५।२०७१।४।१४</td><td>३००४००</td><td>अर्छानी</td></tr><tr><td>११।२०७१।५।१८</td><td>१८००००</td><td>रामीडाडा</td></tr><tr><td>९।२०७१।५।१५</td><td>३७२००</td><td>रोकायगाउँ</td></tr><tr><td>८।२०७१।५।१५</td><td>४९४४००</td><td>टालेगाउँ</td></tr><tr><td>जम्मा :</td><td>८८५१२००</td><td></td></tr></table></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३४</td><td></td><td>सुवानाउली गा.वि.स.ले २०७०।०७१ को दोस्रो र तेस्रो किस्ता भत्ता वितरणको गो.भौ.नं.७।२०७१।५।९ सामाजिक सुरक्षा भत्ता पेश्की फछ्यौट गरेकोमा एकल महिलाहरु पदमी बुढा ,शान्तिदेबी रावत ,भुण टमाटा,कालि बुढा,रनी बुढा र हिउशिला बुढा गरी ६ जनाले भरपाईमा बुझिलिई दस्तखत सहिछाप गरेको पाईएन । निजहरु ६ जनाको ८ महिनाको रु ५०० का दरले हुने रु २४००० हजार भरपाई विना फछ्यौट भएको सम्बन्धीतबाट असुल हुनु पर्ने रु .................</td><td>२४,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३५</td><td></td><td>कोष तर्फ :<br>भेरी नदी जाजरकोट तर्फको ढुङ्गा गिट्टी र वालुवा कर र वन क्षेत्रको निकासी हुने उत्पादन दस्तुर असुल गर्न न्यूनतम मूल्याँकन गत वर्षको मूल्य क्रमश १५०००००।- र ७०००००।- लाई कायम गरी स्थानीय दैनिक पत्रिका लगायतमा प्रकाशित ३० दिने सूचना अनुसार पर्न आएका बोलपत्र मध्ये सवैभन्दा बढि अँक कबोल गर्ने हाम्रो निर्माण सेवाले ढुँङ्गा, गिट्टी र वालुवा कर वापत १५००१००।- जडिबुटी तर्फ शिवशँकर निर्माण सेवा कबोल अँक ७०००५१।- भएकोले सवैभन्दा बढी अँक कबोल गर्नेसँग सम्झौता गर्ने गरी क्रमश २०७०/७/३ र २०७०/८/१ मा निर्णय भै २०७०/८/२० र २०७०/११/२० मा सम्झौता भएको थियो ।</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | यस सम्वन्धमा देखिएको ब्यहोरा निम्नानुसार छन् ।<br>क) बालुवा गिट्टी ढुँगा कर वापत तिर्न कबोल गरेको रकम ३ किस्तामा चुक्ता गर्ने गरी सम्झौता भएकोमा ठेकेदारले २०७१/२/१२ मा रु.४,९०,०००।- बाहेक कुनैपनि रकम तिरेको नदेखिएको हुँदा बाँकी रकम हर्जाना सहित असुल हुनुपर्ने रु. ..........................................................................................<br>ख) जडिबुटी तर्फ ठेकेदार शिवशँकर निर्माण सेवाको कबोल अँक रु.७०००५१।- भएकोमा यस आर्थिक वर्षमा जम्मा १,८७,०००।- मात्र असुल भएको देखिएकोले बाँकी रकम रु. ५,१३,०५१।- हर्जाना सहित असुल हुनु पर्ने रु................ | १०,१०,१००।<br><br>५,१३,०५१। | | | | | |
| ३६ | | **भैपरी खर्च** :<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५६ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शुल्क, सेवा शुल्क दस्तुर र भाडावाट उठाएको कुल रकमको वार्षिक अधिकतम १ प्रतिशतसम्म भैपरी आउने विकास निर्माण कार्यको लागि खर्च गर्न पाउने व्यवस्था रहेकोमा यस कार्यालयवाट कर शुल्क आदीवाट रु. ८५,१६,५४९।- असुली भएकोले भैपरी शिर्षक वापत रु.८५१६५। खर्च गर्न पाउनेमा रु.३,८६,३००। खर्च भएको हुँदा वढी खर्च रु.......................................................................................... | ३,०१,१३५। | | | | | |
| ३७ | | **वैक हिसाव विवरण :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम २०६४ को नियम ४३ (५) जिल्ला विकास समितिले आफ्नो खातामा आर्थिक वर्षको अन्त्यमा कुनै रकम बाँकी रहेमा नेपाल सरकारवाट फ्रिज गर्नु नपर्ने रकम र जिल्ला विकास समितिको आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारको कोषहरुमा आर्थिक वर्षको अन्त्यमा श्रेस्तानुसार रु.४४,८८,९५०।०३ मौज्दात देखाएकोमा बैंक अनुसार रु. ३६०२९८९।३५ रहेको पेश भएको बैंक स्टेटमेन्टवाट देखिन्छ । यसरी आ.व.को अन्त्यमा बाँकी मौज्दातका सम्वन्धमा वैक समायोजन हिसाव बनाई हिसाव मिलान गर्नुपर्नेमा सो गरेको नपाइएकोले श्रेस्ताले वाँकी मौज्दात देखाएको रकमको सम्वन्धमा यकिन गर्न सकिएन तसर्थ श्रेस्ताले देखाएको | | | | | | |

<table>
<tr><td></td><td></td><td>मौज्दातका सम्वन्धमा कार्यालयले बैंक समायोजन हिसाव तैयार गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><td>बैक खाता नं</td><td>शिर्षकको नाम</td><td>श्रेस्तानुसार बाँकी</td><td>स्टेटमेन्ट अनुसार बाँकी</td><td>बैंक घटी</td><td></td></tr>
<tr><td>ग-२-१०१</td><td>आन्तरिक श्रोत</td><td>९७७७४५।६८</td><td>–</td><td>९७७७४५।६८</td><td></td></tr>
<tr><td>ग-२-१०१</td><td>सडक वोर्ड</td><td>६४६५।–</td><td>–</td><td>६४६५।–</td><td></td></tr>
<tr><td>ग-५-१०१</td><td>कमचारीकल्याण कोष</td><td>७४७१४०।७५</td><td>८२३१४०।७५</td><td>–</td><td></td></tr>
<tr><td>ग-५-१०१</td><td>मर्मत सम्मार कोष</td><td>२७५७५९८।६०</td><td>२७७९८४८।६०</td><td>–</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>४४८८९५०।०३</td><td>३६०२९८९।६०</td><td>९८४२१०।६८</td><td></td></tr>
</table>
</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३७.१</td><td></td><td>कार्यालयको श्रेस्ताअनुसार आ.व.को अन्त्यमा आन्तरिक श्रेस्ता र सडक वोर्डको खाता ग-२-१०१ मा श्रेस्ताअनुसार रु.९,८४,२१०।- देखिएकोमा बैंक स्टेटमेन्ट बमोजिम मौज्दात नदेखिएकोले बैंकमा नभएको रकम रु. ९,८४,२१०।६८ यकिन गरी हिसाव मिलान गर्नुपर्ने रु.......................................................................................<br><br>राजश्व वाँडफाँड तर्फ<br><br>आर्थिक विवरण तथा खातामा आन्तरिक आय खाता नं ग-४-४०१ मा शुरु मौज्दात रु. २२,९६,४१४।९० र खाताा नं. ग-४-३०१ मा शुरु मौज्दात रु.७,१२,७०१।- गरी रु. ३०,०९,११५।९० गत बर्षको जिम्मेवारी बैक स्टेटमेण्टबाट देखाइएको भएता श्रेस्ता अनुसार केकति जिम्बेवारी हो सो भिडान गर्ने श्रेस्ता पेश हुन आएन ।</td><td>९,८४,२१०।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३९</td><td></td><td>राजश्व वाँडफाँडमा वर्षान्तमा वाँकी मौज्दात ग-४-४०१ म रु.२७,६५,८५५।६० र ग-४-३०१ मा ३,२६,६६३।६९ गरी जम्मा रु. ३०,९२,५१९।२९ देखाइएकोमा पेश भएको वैंक प्रमाणपत्र अनुसार क्रमश रु. २६७४१६७।५० र रुं २,१७,२९३। गरी जम्मा रु. २८,९१,४६०।५० देखिन्छ । यसरी कार्यालयले बैंक समायोजन हिसाव बनाई हिसाव मिलान गरेको नपाईएकोले बाँकी मौज्दातको सम्वन्धमा यकिन गर्न सकिएन । श्रेस्तामा भन्दा बैंकमा कम देखिएको रु. २,०१,०५८।७९ को यकिन गरी हिसाव मिलान गर्नुपर्ने रु.......................................................................................</td><td>२,०१,०५८।७९</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td>४०</td><td></td><td>जिबिकोपार्जन सुधारकालागी पूर्बाधार कार्यक्रम (लिलि) अन्तर्गत यस बर्ष रु.२४०६१५९७५० हेल्भेटास बाट प्राप्त रकम  जिल्ला का बिभिन्न साना सिचाई ,साना जल बिद्युत उपभोक्ता हरुलाई जिल्ला बिकास समिति मार्फत भूक्तानी हुने गरेको देखियो रकम प्रदान गर्ने दात्री निकाय र नेपाल सरकार बिचको सम्झौता र खर्च गर्ने स्विकृत कार्यक्रम कार्यक्रम बेगर भएको खर्चको सम्वन्धमा एकिन हुन सकिएन ।</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४१</td><td></td><td>व.उ.शी.नं. ३६५८०१३ (जिविस अनुदान पूँजीगत)<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियाम ५४ मा प्रत्येक जिल्ला परिषदले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट मान सँशाधन, मर्मत सम्भार, कर्मचारी कल्याण, प्रकोप व्यवस्थापन, स्थानीय विकास, वातावरणीय ब्यवस्थापन, महिला तथा बाल विकास र गरिवी निवारण तथा साामजिक परिचालन विशेष कोषहरुमा रकम विनियोजन गर्न सक्ने ब्यवस्था रहेको छ। यस कार्यालयले चालु वर्ष प्रत्येक कोषमा रु.५०,०००।- का दरले विनियोजन गरेको पाइयो । कार्यालयमा विद्यमान मानव संसाधन , मर्मत सम्भार र कर्मचारी कल्याण विशेष कोष मात्र चालु रहेको हुँदा  रु.१५००००।- मात्र यस शीर्षकबाट खर्च लेखि ३ वटा सम्वन्धित कोषको खातामा दाखिला गर्नुपर्नेमा चालु आ.व. मा ८ वटा विशेष कोषको लागी विनियोजित रकम रु. ४०००००।- र गत वर्ष २०६९/७० को दाखिला बाँकी रहेको जनाई प्रत्येक कोषमा रु. ५००००।–का दरले रु. ४०००००।- गरी जम्मा रु.८०००००।– मानव संशाधन कोषमा दाखिला गरेको पाईयो ।यसरी सम्बन्धित आर्थिक बर्षमा बिनियोजित रकम सोही बर्ष दाखिला हुनु पर्नेमा चालु बर्ष खर्च लेखि दाखिला गरेको नियम संगत देखिएन । साथै नियममा व्यबस्था भए बमोजिमका कोषहरु संचालनमा ल्याई रकम सम्वन्धित कोष खातामा दाखिला गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा संचित कोष दाखिला हुनु पर्ने रु. .......</td><td>५,००,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>ब.उ.शी.नं. ३६५८०१३ (जिविस अनुदान चालु) कोष तर्फ</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४२</td><td></td><td>तपसिलमा उल्लेखित कर्मचारीहरुलाई २०७० चैत्र र २०७१ बैशाख, जेठ र अषाढ महिनाको तलब भत्ता भुक्तानी गरिएकोमा स्थानीय भत्ता प्रति महिना रु.४२००।- का दरले भुक्तानि दिनु पर्नेमा प्रतिमहिना रु.४९००।- का दरले भुक्तानी दिएकोले बढी भुक्तानि गरिएको रु.८,४००।- सम्वन्धित कर्मचारीहरुबाट असुल उपर गरि बेरुजु खातामा दाखिला गर्नुपर्ने रु...........................................................................<br><table><tr><td>क्र.सं.</td><td>पद र नाम</td><td>रकम रु.</td></tr><tr><td>१</td><td>स.ई.टुनैलाल रोकाय</td><td>२८००।-</td></tr></table></td><td>८,४००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td><table><tr><td>२</td><td>स.ई. मोहन खड्का</td><td>२८०००।-</td></tr><tr><td>३</td><td>स.ई. ललित केसी</td><td>२८०००।-</td></tr><tr><td colspan="2">जम्मा</td><td>८४०००।-</td></tr></table></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>ब.उ.शी.नं. ३६५८०१३ पूँजीगत ( जिविस अनुदान) कोष तर्फ</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४३</td><td></td><td>लक्षित समूह विकास कार्यक्रम तर्फ जिल्ला जनस्वास्थ्य कार्यालय जाजरकोट अर्न्तगतका ५ वटा वर्थिङ्ग सेन्टरको लागि उपकरण खरिद गरे वापत गो.भौ.नं. १२४/०७१/३/२३ बाट रु.२,०४,५२८।- जिल्ला स्वास्थ्य कार्यालयलाई भुक्तानि दिएकोमा उक्त कार्यालयले खरिद गरेका उपकरणहरु सम्वन्धित बर्थिङ्ग सेन्टरले बुझिलिएको भपाई पेश हुन आएन । साथै भुक्तानि दिएको रु.२,०४,५२८।-को विल भरपाई जाँच गर्दा रु.१,९२,५२८।- को मात्र भएकोले जनस्वास्थ्य कार्यालयबाट निम्न वर्थिङ्ग सेन्टर सम्मको ढुवानी भएको विल भरपाई र वर्थिङ्ग सेन्टरले उपकरण बुझिलिएको भपाई पेश गर्नु पर्ने रु. ...................<br><table><tr><th>स्वास्थ्य संस्थाको नाम</th><th>रकम</th></tr><tr><td>स्वास्थ्य चौकी डाँडागाउँ</td><td>२०००/-</td></tr><tr><td>स्वास्थ्य चौकी मजकोट</td><td>२५००/-</td></tr><tr><td>कोर्ताङ्ग उपस्वास्थ्य चौकी</td><td>२५००/-</td></tr><tr><td>दह उपस्वास्थ्य चौकी</td><td>३०००/-</td></tr><tr><td>सुवानाउली उपस्वास्थ्य चौकी</td><td>२०००/-</td></tr><tr><td>जम्मा</td><td>१२०००/-</td></tr></table></td><td>१२,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४४</td><td></td><td>यस कार्यक्रमबाट निम्नानुसार ब्यक्ति सँघ सँस्थालाई दिएको पेश्की रु.१,५५,०००।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(३) बमोजिम असुल फछ्र्यौट हुनु पर्ने रु.......................................<br><table><tr><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th></tr><tr><td>२०७१/२/९</td><td>रेडियो हाम्रो पाइला एफ एम</td><td>७००००/-</td></tr><tr><td>२०७१/३/२५</td><td>विर बहादुर गिरी</td><td>६५०००/-</td></tr></table></td><td>१,५५,०००।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७१/३/२५ — हरिहरसिँह राठौर — २००००/-<br>जम्मा — १५५०००/- | | | | | | |
| ४५ | | **कन्टिजेन्सी खर्च**<br>स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यवित्रि २०६९ को दफा १४ बमोजिम जिल्ला विकास समितिको आफ्नो श्रोतबाट सँचालित वा अन्य निकायको श्रोतबाट संचालन गरिने कार्यक्रमहरुलाई कार्यकुशलता, प्रभावकारीता तथा मितब्ययिताको सिद्धान्त अनुसार सँचालनमा सहयोग पुऱ्याउन पुँजीगत लगानीको समष्टीगत रकमबाट अनुसूची ९ मा उल्लेख भए बमोजिम ख वर्गको जिल्लामा ४% रकम छुट्टयई खर्च गर्न सकिने र त्यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा राख्नु पर्ने ब्यवस्था छ । यस प्रकारले छुट्टयाएको रकमको कार्य योजना जिल्ला परिषद्बाट स्वीकृत गराउनु पर्ने उल्लेख छ । उक्त खर्च आयोजना सँचालनमा सहयोग पुऱ्याउन सम्वन्धित क्षेत्रमा खर्च गर्नुपर्नेमा सो विपरित विविधि खर्च, गाडीको इन्धन खर्च, चियापान खर्च, सँचार खर्च, दैनिक भ्रमण भत्ता खर्च, आदीमा बढी खर्च लेखेको देखिएकाले ब्यवस्थापन कार्यविधि २०६९ ले निर्दिष्ट गरेको क्षेत्रमा मात्र कन्टिन्जेन्सी खर्च गर्नुपर्ने देखिन्छ । | | | | | | |
| ४६ | | जिल्ला प्राविधिक कार्यालयलाई जिवनस्तर सुधारका लागि स्थानिय पूर्वाधार कार्यक्रम लिलीवाट संचालित योजनाहरुको अनुगमन, प्राविधिक सेवा तथा तालिम, समिक्षा बैठकको लागि दिएको पेश्की रुं १,२०,०००। को कार्यक्रम संचालन गरी कार्यालयमा पेश गरेकोले गो.भौ.नं १०१ २०७१।३।३२ बाट पेश्की फछ्र्यौट गरेको पाईयो । यसरी पेश्की फछ्र्यौट गर्दा तालिम र समिक्षा वैठक संचालन नगरी सम्पुर्ण रकम १३ जना कर्मचारीहरुलाई अनुगमन वापत खर्च भएको देखियो । लिलीवाट संचालित कार्यक्रमको अनुगमन प्रतिवेदन समेत पेश भएको पाइएन । तसर्थ यस सम्वन्धमा कार्यालयले स्पष्ट गर्नुपर्दछ । | | | | | | |
| ४७ | | फरक बाटो पत्रिकामा विज्ञापन प्रकाशन खर्च वापत भनी रु.५०००।- भुक्तानी दिएकोमा सो पत्रिकामा विज्ञापन भएको नदेखिएकोले सम्वन्धितबाट असुल हुनु पर्ने रु........................ | ५,०००। | | | | | |
| ४८ | | **आन्तरिक श्रोत (चालु) :**<br>आ.व. २०७०/७१ मा आन्तरिक श्रोत चालु खर्च तर्फ स्वीकृत वार्षिक बजेट रु. २५०००००।- भएकोमा जिविस कोष खाता ग-४-३०१ बाट | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | निकासा ट्रान्सफर गरि प्राप्त भएकोमा खर्च रु.२२,९८,५२५।३२ भई वर्षान्तमा बाँकी रु.२,०१,४७४।६८ रहेको देखिन्छ । उक्त रकम वर्षान्तमा जिविसकोष खाता ग.-४-३०१ मा फिर्ता गर्नुपर्नेमा सो भएको नदेखिएकोले खाता ग.-४-३०१ मा फिर्ता ट्रान्सफर गर्नुपर्ने रु............. | २,०१,४७४।६<br>८ | | | | | |
| ४९ | | **आन्तरिक श्रोत पुँजीगत :**<br>आ.व. २०७०/७१ मा आन्तरिक श्रोत पुँजीगत खर्च तर्फ वार्षिक बजेट रु. ४०,००,०००।- स्वीकृत भएकोमा जिविस कोष खाता ग-४-४०१ बाट २०७०/७१ आषाढ मसान्त सम्म रु.३०,०००००।- निकास ट्रान्सफस गरी प्राप्त भएकोमा खर्च रु. २२,२३,७२९।- भई रु.७,७६,२७१।- बाँकी रहेको देखिन्छ । उक्त रकम वर्षान्तमा जिविस कोष खाता ग-४-४०१ मा फिर्ता गर्नुपर्नेमा सो भएको नपाइएकोले खाता ग-४-४०१ मा फिर्ता ट्रान्सफर गर्नुपर्नै रु........................................................ | ७,७६,२७१। | | | | | |
| ५० | | यस कार्यक्रमबाट मिति २०७१/२/५ गते पातीहाल्ना पराले सडक निर्माण उपभोक्ता समितिलाई रु.१,५८,०००।- पेश्की दिएकोमा आथिर्क वर्षको अन्त्यसम्म फछ्यौट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(३) बमोजिम असुल फछ्यौट हुनु पर्ने रु.................................................................................. | १,५८,०००। | | | | | |
| ५१ | | **मर्मत सम्भार कोष तर्फ :**<br>यस कोषमा चालु वर्षमा रु.१५,७२,००१।- आम्दानी भएकोमा कार्यालयको डोजर भाडा वापत रु.११,५२,००१।- र कृषि सडकबाट प्राप्त रु.४,२०,०००।- रहेको छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४३(१) मा जिल्ला विकास समितिको नाममा प्राप्त हुने सवै प्रकारको आम्दानी जिल्ला विकास समितिको कोषमा दाखिला गर्नुपर्ने ब्यवस्था विपरीत डोजर भाडा रकम यस मर्मत सम्भार कोषमा दाखिला गरी खर्च गर्नु नियम विपरीत देखिन्छ । यस आ.व. २०७०/७१ मा मर्मत सम्भार कोषबाट रु.१५९२३२६।- खर्च भएको देखिन्छ । यस मर्मत सम्भार कोष खाताको रकम खर्च गर्दा सोही नियमावलीको नियम ४६ को उपनियम १ बमोजिम जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेट सिमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने ब्यवस्था विपरित कार्यालयले वार्षिक कार्यक्रम स्विकृत नगरी खर्च गर्नु नियमसँगत देखिएन । डोजर भाडा बापत कार्यालयलाई प्राप्त रकमको तुलनामा संचालन खर्च तुलनात्मक रुपमा बढि देखियो । | | | | | | |
| ५२ | | जिविस मर्मत सम्भार कोष खाता ग-५-२०१ मा आम्दानी प्राप्त रकम सोही खाताबाट खर्च नगरी खर्च खाता ग-२-२०१ मा ट्रान्सफर गरेर खर्च गर्नुपर्दछ । | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५३ | | यस कोषबाट मिति २०७१/२/६ मा डोजर अपरेटर नैन बहादुर वि.क.ले स्काभेटर मर्मत गर्न लिएको पेशी रु.२०,०००।- आ.व.को अन्त्यसम्म फछ्र्यौट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(३) बमोजिम असूल फछ्यौट हुनु पर्नै रु. ………… | २०,०००। | | | | | |
| ५४ | | **सडकबोर्ड :**<br>छेडा-बालुवा सडक मर्मत वापत कञ्चन विल्डर्स एण्ड सप्लायर्स लाई गोश्वारा भौचर नं. २/०७०/४/९ बाट रु. ६,७२,२८१।- भुक्तानि दिएकोमा उक्त काम सिधै सिलवन्दी दरभाउपत्र वा कुन विधिबाट मर्मत गराएको हो । लेखापरिक्षणमा निर्माण ब्यबसायी संग भएको सम्झौता फाइल पेश नभएकोले भुक्तानी रकम यकिन गर्न नसकिएको रु………….. | ६,७२,२८१। | | | | | |
| ५५ | | **धरौटी :**<br>आ.व. २०७०-७१ आषाढ मसान्त श्रेस्ता अनुसार धरौटी मौज्दात रु.८३,३१,५९८।०९ रहेकोमा बैंक स्टेटमेन्ट अनुसार रु.८३,४९,५९८।०९ देखिएको हुँदा श्रेस्तामा भन्दा बैंकमा बढी देखिएको रु.१८०००।- भिडान गरी हिसाव मिलान गर्नुपर्ने रु……………. | १८,०००। | | | | | |
| ५६ | | कार्यालयले धरौटीको ब्यक्तिगत खाता अध्यावधिक नगरेको हुँदा कसको धरौटी के कति रहेको भन्ने यकिन गर्न सकिएन । धरौटीको कच्चावारी समेत लेखापरीक्षणमा पेश भएन । | | | | | | |
| ५७ | | कार्यालयले भौचर नं. ४६/०७१/१/८ बाट रु.१,४७०००।- बैंक स्टेटमेन्टको आधारमा पुकार निर्माण सेवाको रु.७२,०००।- र नमस्ते रवि निर्माण सेवाको रु.७५,०००।- नाउँमा आम्दानी जनाएकोमा बैंक स्टेटमेन्टमा उक्त अँक खुल्ने रकम दाखिला भएको नदेखिएको हुँदा यस सम्वन्धमा कार्यालयले यकिन गरी हिसाव मिलान गर्नूपर्ने देखिन्छ । | | | | | | |
| ५८ | | **सरसफाई ( हेल्भेटास र यूनिसेफ)**<br>:जाजरकोट जिल्लालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्नको लागि जिल्ला खानेपानी तथा सरसफाई समम्न्वय समिति (म्धब्क्ज्त्रऋ) हेल्भेटास र यूनिसेफ विच मिति २०७०।९।१ मा सम्झौता भई युनिसेफबाट रु.३८६८०००। र हेल्बेटासबाट रु.९८००००।– गरी जम्मा रु. ४८,४८,०००।– निकासा प्रापत भएकोमा क्रमश रु. २६,८२,५३०।– र ९,८०,००। समेत जम्मा रु. ३६,६२,५३०।– खर्च भएको देखिन्छ । यसरी युनिसेफ वाट निकासा बाँकी रकम रु. ११,८५,४७०।–मिति २०७०।४।८ मा यूनिसेफ क्षेत्रिय कार्यालय, नेपालगंजमा टि.टि. गरी पठाएको देखिन्छ । यस सम्वन्धमा देखिएका | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | व्यहोराहरु निम्नानुसार छन : | | | | | | |
| ५९ | | ८/२०७०।१०।१० बाट यस कार्यक्रम अनुसार मिति २०७१।३।२९मा भद्र बहादुर शाहीले आबधिक योजनाको लागी रु.२३५०००। पेश्की लिएकोमा बर्षान्त सम्म फछ्यौट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(३) बमोजिम असुल फछ्यौट हुनु पर्ने रु............. | २,३५,०००। | | | | | |
| ६० | | यस कार्यक्रमको लागि wash facilitorar हरुको लागी २ जना facilitorar हरुलाई वढीमा ५ महिनासम्म प्रति महिना रु.४५०००।– क्र दरले रु. ४५०००।– वजेट व्यवस्था भएकोमा कार्यालयले कर्ण वहादुर भण्डारी र खेम प्रसाद भट्टराइलाई म्याद थप गरी ६ महिनासम्म को पारिश्रमिक रुं ५,४०,०००।– भुक्तानी भएकोले वजेट भन्दा वढी रुं ९०,०००।– खर्च भएकोले देखियो । | | | | | | |
| ६१ | | **जिल्ला उर्जा तथा वातावरण शाखातर्फः**<br>ग्रापिण जिविकोपार्जनका लागि नविकरणीय उर्जा कार्यक्रम अनुसार बुंग्रेखोला लघुजलविद्युत निर्माण उपभोक्ता समितिले सिमेन्टखरिद र ढुवानी पेस्की रु.५०००००।– वर्षान्तमा फछ्यौंट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(३) बमोजिम असुल फछ्यौट हुनु पर्ने रु............. | ५,००,०००। | | | | | |
| ६२ | | **बिकेन्द्रीत ग्रामिण पूर्बाधार तथा जिबिकोपार्जन सुधार कार्यकम (DRILP)**<br>बिकेन्द्रीत ग्रामिण पूर्बाधार तथा जिबिकोपार्जन सुधार कार्यकम बाटुलचौर अतर्गत यस बर्ष थलरा वाटुलचौर औलाहरी सडक निर्माणका लागी मिति २०६९।१२।२८को राजधानी दैनिकको ३० दिने सूचना अनुसार १३.८०किलो मिटर सडक निर्माणकालागी २ वटा प्याकेजमा सडक निर्माणका लागी बोल पत्र आह्वान भएको थियो । तोकिएको समय अबधिमा निम्न अनुसाको कामकालागी निम्नानुसारको बोलपत्र पेश भै ठेक्का नं १ मिति २०७०।२४मा र ठेक्का नं २ मिति २०७१।२।२५मा ठेक्का स्विकृत भएको रकमश मिति २०७०।४।१३ र २०७०।४।१० मा ठेक्का सम्भौता भएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन : | | | | | | |

| ठेक्का भएको कामको नाम | बोलपत्र बिकि भएको | बोलपत्र दाखिल भएका | प्रभावग्राही भएका बोलपत्रसंख | लागत अनुमान | स्विकृत ठेक्का अंक | |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | या | | | |
| थलरा वाटुलचौर औलाहरी सडक प्याकेज १ | ६७ | ७ | ४ | २९७८४१९३ | २८६७३७२५। | |
| थलरा वाटुलचौर औलाहरी सडकप्याकेज २ | ७० | ९ | ४ | २६७८८२९९ | २७८१८३०२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६३ | | सार्बजनिक खरिद ऐन, २०६३को दफा २६ (६) अनुसार कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्ध हुने व्यबस्था रहेको छ । ठेक्का नं १ मा ६७ थान टेण्डर फारम बिक्रि भएकोमा ७ थान, ठेक्का नं २ मा ७० थान बोलपत्र फारम बिक्रि भएकोमा ९ थान मात्र बोलपत्र फारम दाखिला भएका देखियो । दाखिला भएका मध्ये सबै बोलपत्र लागत अनुमानको तुलना बढि कबोल अंक उल्लेख गरेको देखियो । ठेकेदारहरु बिच आपसमा मिलोमतो भई न्यून संख्यामा निर्माण व्याबसायीहरुले बोलपत्र दाखिला गरेका र लागत अनुमानको तुलनामा बढि दरमा ठेक्का व्यबस्था भएको देखिएको काममा पर्याप्त प्रतिस्पर्दा भएको देखिएन । ठेक्काको काम १ बर्षको अबधिमा सम्पन्न हुनेगरी सम्झौता भएकोमा ठेक्का न.१ मिति २०७१।४।१३मा र ठेक्का नं २ मिति२०७०।४।१०मा सम्झौता भएकोमा संबिधान सभाको चुनाव, दसै तिहार, र बर्षादको कारण उल्लेख गरी ठेक्काको म्याद ६ महिना थपकोलागि अनुरोध भएकोमा कारण उचित भएको भनि कार्यालयले ६ महिना म्याद थप गरेको छ । तर दशै तिहार र बर्षाद जस्ता घटना पूर्बानुमान गर्न सकिने र बर्षेनी हुने बिषयमा समेत म्याद थप गरेको उचित देखिएन । | | | | | | |
| ६४ | | यस कार्यक्रमबाट संचालित निम्न निर्माण व्यबसायीहरुको निम्न मितिमा लिएको मोविलाईजेशन पेश्की आर्थिक वर्षको अन्त्यसम्म | | | | | | |

<table>
<tr><td></td><td></td><td>फछ्र्यौट भएको नदेखिएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(४) अनुसार फछ्र्यौट गर्नु पर्ने रु.............................................................................................<br><table><tr><td>सि.नं.</td><td>भौ.नं. मिति</td><td>ठेकेदारको नाम</td><td>पेश्की रकम</td></tr><tr><td>१</td><td>१५, २०७०।११।२१</td><td>लोहनी एण्ड ब्रदर्श</td><td>२३,२८,०७७।</td></tr><tr><td>२</td><td>१५, २०७०।११।२१</td><td>सूर्य कन्ट्रक्सन</td><td>२५,१७,३६९।</td></tr><tr><td>३</td><td>३५, २०७०।१२।१४</td><td>गाउँ स्तरीय सा.नि.स. झाप्रा</td><td>८,००,०००।</td></tr><tr><td>४</td><td>३५, २०७०।१२।१४</td><td>गाउँ स्तरीय सा.नि.स. ढिमे</td><td>१८,५०,०००।</td></tr><tr><td colspan="3">जम्मा</td><td>७५,०५,४४६।</td></tr></table></td><td>७५,०५,४४६।</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६५</td><td></td><td>कन्टेन्जेन्सी खर्च:<br>सार्बजनिक खरिद नियमाबलि २०६४को नियम १०को उप नियम ७ संग सम्बन्धीत अनुसूचि १मा व्यबस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी जम्मा ५ प्रतिशत सम्म खर्च गर्न पाउने व्यबस्था रहेको छ । यस कार्यालयबाट कन्टेन्जेन्सी खर्च गरेकोमा दैनिक भत्ता, स्टेशनरी सामान, ईन्धनगाडी मर्मत, संचार महसूल कार्यालय सामान जस्ता अन्य खर्च मात्र गरेको रकन्टेन्जेन्सीको हिसाव राखेको पाईएन ।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६६</td><td></td><td>यस कार्यक्रम अनुसार थलह -बाटुले-औतारी सड्क अन्तर्गत १३.८० कि.मी. सड्क स्थानिय क्षेत्रका जनता द्वारा खन्ने कार्यक्रमको लागी उक्त बाटोको प्रभावित झाप्रा र ढिमे गा.वि.स.मा गाउँ स्तरिय सार्वजनिक निर्माण समिति -(VWRCC) गठन भएको र ति समिति र जि.वि.स.बिच मिति २०७०।०८।१३ मा सम्झौता भएको पाईयो । उक्त (VWRCC) ले गा.वि.स.मा BG – BUILDERS न्ड्इए) गठन गरी निर्माण कार्य गरेको र झाप्रा (VWRCC) अन्तर्गत ३२ र ढिमे (VWRCC) अन्तर्गत १३ वटा गरी जम्मा ४५ बटा BG गठन गरेको र ति BG हरु बाट काम गराई चालु आ.ब.२०७०।०७१ सम्मा देहायमा उल्लेख भए बमोजिम झाप्रा (VWRCC) BG हरुका जनताहरु</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

लाई रु.४,२६,०९,५९८।११ र ढिमे (VWRCC) का BG हरुका जनतालाई रु.८१,९९,९४५।८४ गरी जम्मा रु.५,०८,०९,५४३।९५ रकम (VWRCC) को खातामा जम्मा गरी गा.वि.स.सचिव मार्फत भुक्तानी दिइएको देखिन्छ । द्यन का सदस्य वा काम गर्ने जनताहरुले रकम बुझिलिएको भरपाई लेखा परिक्षणमा पेश नभएकोले यस सम्वन्धमा एकिन गर्न सकिएन ।

| VWRCC | BG संख्या | ०६९।०७० मा भुक्तानी | ०७०।०७१ मा भुक्तानी | जम्मा भुक्तानी | | हाल सम्म भुक्तानी बील संख्या |
|---|---|---|---|---|---|---|
| झाप्रा | ३२ | १९६८२९६।४४ | ४०६४१३०१।६७ | ४२६०९५९८।११ | | चौथो |
| ढिमे | १३ | – | ८१९९९४५।८४ | ८१९९९४५।८४ | | तेश्रो |
| जम्मा | ४५ | १९६८२९६।४४ | ४८८४१२४७।५१ | ५०८०९५४३।९५ | | |

६७ ख्च्ऋत्रृ झाप्राका निम्नानुसारका द्यन का प्रमुखहरुका नाम बाट भरिएको माग फाराममा निजहरुले सामान बुझिलिएको नदेखिएको हुदाँ उक्त सामानहरुको सम्वन्धमा योजनाले स्पष्ट गर्नु पर्दछ ।

| द्यन प्रमुखको नाम | द्यन समुह नं. | सामानको नाम | परिमाण |
|---|---|---|---|
| दिपक प्रसाद न्यौपाने | १४ | तार | १३ के.जी. |
| ,, | ,, | १.५×१×१ तार | १३ थान |
| ,, | ,, | २×१×१ तार | २० थान |
| ,, | ,, | कपडा जियो टेक्सटाइल | ४० मि. |
| | | बाध्ने तार | १३ किलो |
| राम बहादुर सिंह | ५ | २×१×१ तार | १९ थान |
| | | बाध्ने तार | २१ किलो |
| | | १.५×१×१ तार | १० थान |

६८ गो.भौ.नं.१५/०७०।०६।०६ बाट कार्यालय संचालन खर्च बापत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मातृभुमी ईन्टर प्राईजेज एण्ड शताव्दी स्टोर्स खलंगा-२ जाजरकोट लाई रु.५१,१००।- भुक्तानी दिइएकोमा १.५ प्रतिशत अग्रिम आयकर कट्टि रु.७६६।- नगरेकोले उक्त रकम असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु................................................. | ७७६। | | | | | |
| ६९ | | गो.भौ.नं.२८/०७०।०७।१४ मा ईन्धन खर्च वापत रु.६५०००।- र कार्यालय संचालन वापत रु.९९९००।- मातृभुमी ईन्टर प्राईजेज एण्ड शताव्दी स्टोर्स खलंगा-२ जाजरकोट लाई रु १६४९००।- भुक्तानी दिइएकोमा खरिद गरिएका सामानहरु जिन्सी आम्दानी नबाँधिएकाले आम्दानी बाँध्नु पर्ने र १.५ प्रतिशत अग्रिम आयकर कट्टि नगरेकोले रु.२४७४।- असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु................................................. | २,४७४। | | | | | |
| ७० | | गो.भौ.नं.६३/०७१।०२।०७ मा ईन्धन खर्च वापत रु.७०२००।- र कार्यालय संचालन वापत रु.८०३००।- मातृभुमी ईन्टर प्राईजेज एण्ड शताव्दी स्टोर्स खलंगा-२ जाजरकोट लाई रु १,५०,५००।- भुक्तानी दिइएकोमा १.५ प्रतिशत अग्रिम आयकर कट्टि नगरेकोले रु.२२५७- असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु.................................... | २,२५७ | | | | | |
| ७१ | | गो.भै.नं.६७/०७१।०२।०८ मा गाउँ स्तरिय सार्वजनिक निर्माण समिति भ्फाप्रा जाजरकोट लाई विभिन्न योजनाहरुको सामान खरिद गर्न दिइएको पेश्की रु.९५००००।- पे.फ.गरिएकोमा खरिद गरिएका सामानहरु गाउँ स्तरिय सार्वजनिक निर्माण समिति भ्फाप्रामा दाखिला गरी जिन्सी रजिष्टरमा आम्दानी नवाधीएको, खरिद गरिएका सामानहरु सम्वन्धीत योजना निर्माण समितिले बुझेको भरपाई नभएकाले आवश्यक कागजात संलग्न गरी नियमित गराउने रु....................................... | ९,५०,०००। | | | | | |
| ७२ | | **<u>ग्रामिण सामुदायीक पुर्वाधार बिकास काजक्रमः - ( RCIW )</u>** आयकर ऐन २०५८ को दफा ८९ को उपनियम १ मा बासिन्दा व्यक्ति लाई रु.५०,०००।- भन्दा वढि रकम भुक्तानी दिदा १.५ प्रतिशत कर कट्टि गर्नु पर्ने व्यवस्था रहेको छ । यस योजनाले विभिन्न सामनान तथा स्टेशनरी खरिद गरी वर्षा स्टेशनर्स एण्ड जनरल सप्लायर्स खलंगा जाजरकोट लाई गो.भौ.नं.१०/२०७०।०६।०९ बाट रु.८०,०००।-, गो.भौ.नं.३०/२०७०।११।२६ बाट रु.६१,९८०।- र गो.भौ.नं.३७/२०७०।१२।२१ बाट रु.५६,५००।- गरी जम्मा | | | | | | |

<table>
<tr><td></td><td></td><td>रु.१,९८,५३०।- भुक्तानी भएकोमा ऐन अनुसार रु.२,९७८।- कर कट्टा नगरेकोले असुल गरी राजश्व दाखिला हुनु पर्ने रु.........................</td><td>२,९७८।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>१. उपोभोक्ता समितिहरु लाई विभिन्न टुल्सहरु वितरण गर्नको लागी अ.स.ई.हरि बिक्रम शाह मार्फत नेपालगंज बाट ३ वटा सप्लायर्स लाई टुल्स खरिद वापत गो.भौ.नं.४४/२०७०।०२।०८ बाट रु.४,८०,०००।- खर्च लेखेकोमा सम्वन्धीत सप्लायर्सहरुले रकम बुझेको भरपाई संलग्न राखेको पाईएन । यस सम्वन्धी अन्य व्यहोरा निम्न बमोजिम छन् ।</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७३</td><td></td><td>१.१ निम्न बमोजिमका सप्लायर्स बाट समान खरिद गरी रु.३,७२,९२०।- भुक्तानी दिइएकोमा आयकर ऐनको दफा ८९ (१) बमोजिम अग्रिम कर कट्टा नगरेकोले सम्वन्धीत बाट असुली गरी राजश्व दाखिला हुनु पर्ने रु........
<table>
<tr><th>सप्लायर्स</th><th>बील रकम</th><th>कर रु,</th></tr>
<tr><td>गणेश ट्रेडर्स कोहलपुर</td><td>८०,५००।-</td><td>१२०८।-</td></tr>
<tr><td>पुरन आयरन स्टोर्स नेपालगंज</td><td>२,९२,४२०।-</td><td>४३८६।-</td></tr>
<tr><td>जम्मा</td><td>३,९२,९२०।-</td><td>५५९४।-</td></tr>
</table></td><td>५,५९४।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७४</td><td></td><td>१.२ उक्त गोश्वारा भौचर बाट निम्न उपभोक्ता समितिहरु लाई टुल्स खरिद गरी वितरण गरेको जनाई नापी किताबमा खर्च उल्लेख गरेको भए पनि टुल्सहरु उपभोक्ता समितिले बुझिलिएको प्रमाण पेश हुन आएन ।
<table>
<tr><th>गा.वि.स.</th><th>टुल्सको रकम</th><th>टुल्सको ढुवानी रकम</th><th>जम्मा</th></tr>
<tr><td>पैंक</td><td>२,७२,७८८।६७</td><td>३९,५४७।०८</td><td>३,१२,३३५।७५</td></tr>
</table></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td><table>
<tr><td>दह</td><td>१,१३,२५१।७३</td><td>१८,२२८।९३</td><td>१,३१,४८०।६६</td></tr>
<tr><td>भगवती</td><td>२७,४७९।२०</td><td>८,७०४।३९</td><td>३६,१८३।५९</td></tr>
<tr><td>जम्मा</td><td>४,१३,५१९।६०</td><td>६६,७८०।४०</td><td>४,८०,०००।-</td></tr>
</table></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७५</td><td></td><td>भ्रमण खर्च नियमावली २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भए पछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता र भ्रमण खर्चको बील प्रतिवेदन साथ आवश्यक बील भरपाई सम्वन्धीत कार्यालयमा बुझाउनु पर्ने र सोहि नियमावलीको नियम ७ उपनियम १ र ११ मा तोकिएको दरमा दैनिक भत्ता तथा भ्रमण भत्ता पाउने साथै भ्रमण भत्ताको उपभोग गरेको अवधीभर फिल्ड भत्ता,स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था रहेको छ । योजनाले विभिन्न कर्मचारीहरु लाई भ्रमण भत्ता भुक्तानी गर्दा प्लेन टिकटको साथमा बोडिङ्ग पास संलग्न नभएको र स्थानिय भत्ता कट्टा गर्ने गरिएको देखिएन । तसर्थ नियममा भएको व्यवस्थाको पुर्ण परिपालना गरिनु पर्दछ । यसका केहि उदाहरण निम्नानुसार छन् ।
<table>
<tr><td>गो.भौ.नं. र मिति</td><td>खर्च रकम</td><td>भुक्तानी लिने कर्मचारी संख्या</td></tr>
<tr><td>३/०७०।०६।०६</td><td>७१,५००।-</td><td>६ जना</td></tr>
<tr><td>१४/०७०।०७।१७</td><td>४८,६३०।-</td><td>८ जना</td></tr>
<tr><td>१७/०७०।०९।०९</td><td>३६,१००।-</td><td>२ जना</td></tr>
<tr><td>५४/०७१।०२।२९</td><td>७४,२१०।-</td><td>विभिन्न</td></tr>
</table></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७६</td><td></td><td>कार्यक्रम ईन्जीनियर जगत कुमार आर.सि.मिति २०७१।०२।०४ देखी ०७१।०२।१६ सम्म काठमाण्डौं भ्रमण खटिएकोमा गो.भौ.नं.५४/०७१।०२।१९ बाट रु.३५,०५०।- भुक्तानी लिएको</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | देखिन्छ । जस मध्ये भ्रमण खर्च वापत रु.२१,८००।-,दैनिक भत्ता १२.५ दिनको रु.६,२५०।- र होटल बास १२ दिनको रु.६,०००।- लिएकोमा भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ६ मा भ्रमण काज खटिएको कर्मचारीले तोकिए बमोजिमको सुविधा अधिकतम ७ दिनको मात्र पाउने र ८औ दिन देखी दैनिक भत्ताको ५० प्रतिशत र होटल बास खर्चको २५ प्रतिशतमात्र पाउने व्यवस्था रहेकोमा का.ई.जगत कुमार आर.सि.ले नियमानुसारको द्धितिय तहको सुबिधा पाउने हुनाले देनिक भत्ता १२.५ दिनको प्रतिदिन रु.४००।-ले रु.३६५०।- र होटल बास १२ दिनको प्रति दिन रु.५००।-ले रु.४१२५।- गरी जम्मा रु.७७७५।- मात्र भुक्तानी पाउनेमा रु.१२,२५०।- भुक्तानी भएकोले बढि भुक्तानी भएको रु.४४७५।- असुल गरी राजश्व दाखिला हुनु पर्ने रु............... | ४,४७५। | | | | | |
| ७७ | | **पारिश्रमिक कर**ः आयकर ऐन २०५८को दफा ८ मा प्राकृति व्यक्तीको सो आय बर्षको रोजगारीबाट प्राप्त पारीश्रमिक गणना गर्दा तलव भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरीएका सबै प्रकारका भूक्तानी समाबेस गरीने र कूल कर योग्य आयबाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाकी करयोग्य आयमा दफा ८७ बमोजिम पारीश्रमिक कर कट्टा गर्नु पर्ने व्यबस्था रहेको छ । यस कार्यालयले यो बर्ष निम्नानुसारका कर्मचारीहरुलाई भूक्तानी गरेको पारीश्रमिकमा करकट्टि नगरेको ले सम्वन्धित कर्मचारीहरुबाट असूल गरी दाखिला हुनु पर्ने रु. | २५,१८८। | | | | | |

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>कर्मचारीको नाम</td><td>कुल आय</td><td>छुट पाउने</td><td>करयोग्य आय</td><td>कर</td></tr>
<tr><td>का.ई.जगत कुमार आ.सि.</td><td>४००१००।</td><td>२९८१८०।</td><td>१०१९२०।</td><td>१५४८०।</td></tr>
<tr><td>ना.सु.प्रदिप देवकोटा</td><td>३१४४३०।</td><td>२८००००।</td><td>३४४३०।</td><td>५१६४।</td></tr>
<tr><td>स.ई.लोकेन्द्र बुढाथोकी</td><td>३०१९५०।</td><td>२८५६७६।</td><td>१६२७४।</td><td>२४४१।</td></tr>
<tr><td>अ.स.ई.हरी बिक्रम शाह</td><td>२९४०२०।</td><td>२८००००।</td><td>१४०२०।</td><td>२१०३।</td></tr>
<tr><td>जम्मा</td><td>१३१०५००।</td><td>११४३८५६।</td><td>१६६६४४।</td><td>२५१८८।</td></tr>
</table>
</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७८</td><td></td><td>योजनाका निम्न अनुसारका कर्मचारीहरुले बिभिन्न योजनाहरुको सर्भे तथा डिजाईन गरेको भनि रु ५४४८०९।६४ परिश्रमिक भूक्तानी लिएकोमा आयकर ऐन २०५८को दफा ८७ बमोजिम १५ प्रतिशत पारीश्रमिक कर कट्टा नगरेकोले रु.८१७२१।– सम्वन्धितबाट असूल गरी राजश्व दाखिला गर्नु पर्ने रु.
<table>
<tr><td>गो.भौ नं. र मिति</td><td>बिबरण</td><td>पारिश्रमिक भूक्तानी रकम</td><td>असुल हुने कर</td></tr>
<tr><td>३०, २०७०।११।२६</td><td>का.ई. जगत कुमार आर.सि.को पेश्की पछ्यौंट गर्दा पारीश्रमिक भूक्तानी</td><td>१७१०९२।५०</td><td>२५६६४।–</td></tr>
<tr><td>३१, २०७०।११।२६</td><td>खलङ्गा पाच कटिया ढिमे पैक व्याउली ढुङ्गा सडकको सर्भे डिजाइन बापत बिभिन्न कर्मचारीहरुले लिएको</td><td>२७७१२०।१५</td><td>४१५६८।०३</td></tr>
</table>
</td><td>८१,७२१।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पारीश्रमिक | | | | | | | | | |
| | | | ३२, २०७०।११।२६ | अ.स.ई. हरि बिक्रम शाहले खाति गुर्ता खा.पा.यो. र पाल्ता धारा खा.पा. यो.को सर्भे डिजाईन बापत | ९६५९७०० | १४४८९।५५ | | | | | | | |
| | | | | जम्मा | ५४४८०९।६४ | ८१७२१।– | | | | | | | |